

सारांश

# सार्वजनिक सञ्चार नीति र यसको महत्व : एक सिंहावलोकन

सूचना तथा ज्ञानमा आधारित अर्थतन्त्रको युगमा सूचनासम्मको पहुँचलाई सबैतिर नागरिक अधिकारका रुपमा लिइएको छ र सूचनाको बाँडचूँडलाई सहभागितामूलक विकासको अभिन्न अङ्ग मानिन्छ। पारदर्शिताको यो प्रवृत्ति र विश्वव्यापी सूचना क्रान्तिले निजी, सार्वजनिक तथा नाफारहित क्षेत्रका संस्थाहरूबाट प्रदान गरिने सूचनाको प्रकार, दायरा र उपलब्धताप्रति जनअपेक्षा बढाइदिएको छ।

१ सेप्टेम्बर २००५ देखि लागू भएको एसियाली विकास बैंक (एडीबी) को सार्वजनिक सञ्चार नीतिले एडीबीलाई अझ प्रभावकारी ढङ्गबाट संवाद गर्ने ढाँचा प्रदान गरेको छ। सन् १९९४ मा पारित सूचना नीति र रणनीति तथा सूचनाको गोपनीयता र सार्वजनिकीकरण नामका दुई नीतिको ठाउँमा यो सार्वजनिक सञ्चार नीति आएको छ। एडीबीको यो नयाँ सार्वजनिक सञ्चार नीति बितेका दुई वर्षमा भएका सहभागितात्मक परामर्श प्रक्रियाबाट तयार पारिएको हो, जुन प्रक्रियामा १४ सदस्य राष्ट्रका कुल ४३० जना व्यक्तिहरू संलग्न थिए र भिडियो सम्मेलन तथा कार्यशालाहरूमा उनीहरूको सहभागिता रहेको थियो। ती सहभागीहरूमध्ये एकचौथाइ संख्या सरकारी अधिकारीहरूको थियो। यो नयाँ नीतिले एडीबीबाट सार्वजनिक हुने सूचनाको कार्यक्षेत्र र दायरालाई फराकिलो पार्दछ, साथै यसले सूचनाको सार्वजनिकीकरणमाथि बढी जोड दिएको छ, जसको आशय गोपनीयताको मापदण्डभित्र परेकाबाहेक अरू सबै सूचना सार्वजनिक गरिनेछ भन्ने हो। त्यस अतिरिक्त यस नीतिले :

- सार्वजनिकीकरण सम्बन्धमा क्रियाशील निर्णय प्रक्रियालाई बढावा दिन्छ,
- प्रभावित जनतासँग सूचनाको आदानप्रदानमा जोड दिन्छ।

परामर्श प्रक्रियाका साझेदारहरूसँग एडीबीको संवादमा सुधार ल्याउन तपाईंको सक्रिय सहभागिताको हामी स्वागत गर्छौं।

सूचनामा पहुँचको अधिकारलाई ५० वर्षभन्दा अघिदेखि अन्तर्राष्ट्रियरुपमा स्वीकार गरिएको छ। सन् १९४६ मा संयुक्त राष्ट्र संघको महासभाले 'सूचनाको अधिकार आधारभूत मानवअधिकार हो र संयुक्त राष्ट्र संघले ग्यारेन्टी गरेको सबैखाले स्वतन्त्रताको यो आधारशीला हो' भन्ने प्रस्ताव पारित गरेको थियो। संविधान र सूचनाको पहुँचसम्बन्धी ऐनका माध्यमद्वारा सार्वजनिक निकायबाट प्राप्त हुने सूचनामाथिको अधिकारलाई दर्जनौं मुलुकहरूमा मान्यता दिइएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दफा १९ ले पनि यसलाई अघि सारेको छ। उक्त महासन्धिमा एडीबीका अधिकांश सदस्य राष्ट्रले हस्ताक्षर गरेका छन्।
*थप जानकारीका लागि हेर्नुहोस : http://www.unhcr.ch/pdf/report.pdf*

**एसियाली विकास बैंक** ADB

## सार्वजनिकीकरण सम्बन्धमा क्रियाशील निर्णय प्रक्रियाको आवश्यकता

एडीबीले उत्पादन गर्ने वा उत्पादन गर्नुपर्ने सूचनाका लागि व्यवस्थित निर्णय प्रक्रिया आवश्यक छ । क्रियाशील निर्णय प्रक्रिया व्यावहारिकमात्र छ र यसबाट समय पनि जोगिन्छ ।

तपाईले मस्यौदा कागजातका सम्बन्धमा एडीबीका परामर्शदाता र कर्मचारीसँग छलफल गर्दाखेरि तपाईले सार्वजनिकीकरणका बारे पनि सोच्नुहोस् भन्ने हामी आग्रह गर्छौं । कागजातहरूको पुनरावलोकन र छलफलमा सक्रिय सहभागिता बढ्दै जाँदा सूचनालाई गोपनीय राख्नुपर्ने हो वा खुलासा गर्नुपर्ने हो त्यसको निर्णय गर्न तपाई सक्षम हुनुहुनेछ । समय र प्रयासको सदुपयोग र सूचनाको विश्वव्यापी अधिकारलाई ध्यानमा राखेर एडीबी यस नीतिको पक्षमा उभिएको छ अनि हामी बढी सूचनाको बृहत्तर खुला र आदानप्रदानको दिशातर्फ अघि बढ्नमा तपाईको सहयोगको अपेक्षा गर्छौं ।

**ध्यान राख्नुहोस् :** तपाई घोत्लनुपर्ने प्रश्न 'कस्तो सूचना जनतालाई आवश्यक छ वा उनीहरू कस्तो सूचना पाउन चाहन्छन्' भन्ने होइन, बरू 'सूचना सार्वजनिक गर्दा कस्तो हानी हुन्छ' भन्ने हो ।

### सार्वजनिकीकरणका पक्षमा

कानुनी तथा व्यावहारिक कारणले सबै सुचनालाई सार्वजनिक गर्न सम्भव छैन भन्ने तथ्यलाई *एडीबीले* बुझेको छ । *एडीबीले* नयाँ विचारको खोजी गर्नुपर्छ, सूचना बाँडचुड गर्नुपर्छ, आन्तरिकरुपमा र आफ्ना सदस्यहरूसँग हक्की छलफल गर्नुपर्छ । तर त्यसका साथै *एडीबीले* आफ्ना कर्मचारीहरूको गोपनीयताको रक्षा गर्नुपर्छ र निजी क्षेत्रका आयोजनाका प्रायोजक तथा सेवाग्राहीहरूको गोप्य व्यापारिक सूचनालाई पनि जोगाउनुपर्छ ।

सार्वजनिक सञ्चार नीतिको अनुच्छेद १२६ मा उल्लेखित गोपनीयताको मापदण्डभित्र परेकाबाहेक नियमितरुपमा तयार पारिने सबै कागजात सार्वजनिक गर्न सकिने यस नीतिको मान्यता रहेको छ ।

## गोप्य कागजात वा गोप्य सूचना भएका कागजात

सम्वेदनशील सूचनाको **खुलासाका अपवादहरू**बारे बढी जानकारीका लागि यसैसाथ संलग्न *गोपनीयताको मापदण्डसम्बन्धी निर्देशिका हेर्नुहोस् । एडीबीका* कर्मचारीले तपाईलाई गोपनीयताको मापदण्डभित्र परेका कागजातका अंशहरू पहिल्याउन सहयोग गर्नेछन् । सार्वजनिक सञ्चार नीतिबमोजिम निश्चित किसिमका कागजातहरू सार्वजनिक हुनसक्छन्, तर त्यस्तो कागजातभित्र यसै नीतिले अपवाद मानेको सूचनाहरू पनि परेका हुन सक्छन् । अपवादअन्तर्गत परेका कुनै पनि सूचनालाई कागजातबाट हटाउन सकिनेछ र त्यस्तो सूचनालाई सार्वजनिक गरिने छैन ।

कुनै पनि कागजातलाई एडीबीको वेबसाइटमा राख्नुअघि गोप्य सूचनाहरूलाई एडीबीका कर्मचारीहरूले कागजातबाट हटाउने छन् । त्यस्तो सूचना कागजातको जुन भागबाट हटाइएको हो त्यहाँ 'यो सूचना एडीबीको सार्वजनिक सञ्चार नीति (२००५) र सूचनाको खुलासाबारे अपवाद (अपवाद संख्या उल्लेख गर्ने) अनुसार गोप्य राखिएको छ' भनी लेखिएको हुनुपर्नेछ ।

> आयोजनाबाट प्रभावित जनता र देशभित्रका साझेदारहरूसँग आयोजना अवधिभर दोहोरो संवाद कायम राख्नाले निर्धारित आयोजना र कार्यक्रमलाई सुदृढ तुल्याउँछ ।

## प्रभावित जनतासग संवाद

*एडीबीले वेबसाइटमा* राखेका कागजातहरूलाई सार्वजनिक सञ्चार नीतिमा 'सार्वजनिकरुपमा उपलब्ध' भनी इङ्गित गरिएको हुन्छ । सूचना सार्वजनिक गर्ने प्रमुख माध्यम वेबसाइटलाई मान्न सकिन्छ, तर सूचनालाई प्रभावकारी ढङ्गबाट आयोजनाबाट प्रभावित जनतासम्म पुऱ्याउन सकिने अरू सुहाउँदिला माध्यमहरू हुन सक्छन् (शैक्षिक स्तर, भौगोलिक बनोट, पूर्वाधार, आमसञ्चारको लोकप्रिय माध्यम आदिका आधारमा) सार्वजनिक सञ्चार नीति (अनुच्छेद ७४) अनुसार तयारीका क्रममा रहेका आयोजनासम्बन्धी सामान्य सूचनाहरू (सामाजिक तथा वातावरणीय मुद्दासमेत) आयोजनाबाट प्रभावित हुने मानिसहरूलाई आयोजना अवधिभर उपलब्ध गराउन आवश्यक छ । तसर्थ, केही खास आयोजना र कार्यक्रमहरूका लागि आयोजना टोलीले सञ्चार रणनीति बनाउनुपर्ने हुन्छ । खास गरी बढी जनचासो हुनसक्ने आयोजनाहरूबारे सूचना प्रसार गर्ने उत्कृष्ट माध्यम पहिल्याउनुपर्ने हुन्छ ।

एडीबीले आयोजनासम्बन्धी के-कस्ता किसिमका कागजातहरू प्रस्तुत गर्नुपर्ने हुन्छ र आयोजनाबाट प्रभावित मानिस तथा देशभित्रका साझेदारहरूका लागि कुन कागजात कहिले उपलब्ध गराउनुपर्ने हुन्छ सोबारे जानकारीका लागि यसैसाथ संलग्न कार्यसञ्चालनसम्बन्धी कागजात निर्देशिका हेर्नुहोस् ।

## नियमित कार्यसञ्चालनसम्बन्धी कागजातहरूको सार्वजनिकीकरणका शर्तहरू

तल उल्लेखित कागजातहरू तपाईका कामसँग सम्बन्धित कागजातमध्येका हुन् र तिनलाई सार्वजनिक गर्ने (कसलाई र कहिले) भन्ने नियमहरू परिवर्तन भएका छन् । कागजातहरूको विस्तृत सूची र तिनलाई सार्वजनिक गर्दा पालना गर्नुपर्ने शर्तहरूका लागि कार्यसञ्चालनसम्बन्धी कागजातको निर्देशिका हेर्नुहोस् ।

### राष्ट्रिय रणनीति तथा कार्यक्रमहरू

*एडीबीले* राष्ट्रिय रणनीति तथा कार्यक्रम तयार पार्नुअघि विश्लेषणात्मक अध्ययन गर्ने गर्छ । विश्लेषणहरू पूरा भएपछि तिनलाई एडीबीको वेबसाइटमा राखिन्छ ।

एडीबीले राष्ट्रिय रणनीति तथा कार्यक्रम तयार पार्ने क्रममा गैर-सरकारी साझेदार (गैसस) हरूसँग परामर्श लिंदाखेरि सामान्यतया सम्बन्धित सरकारसँग मिलेर काम गर्छ । राष्ट्रिय साझेदारहरूसँगको छलफलमा सहयोग पुगोस् भनेर रणनीति तथा कार्यक्रमको मस्यौदा र त्यसका संशोधनहरू निम्न दुई अवस्थामा छलफल हुनुअघि नै टिप्पणीका लागि पठाइन्छ : १) प्रारम्भिक कागजात (छलफलका लागि तयार पारिएको कार्यपत्र) तयार भएपछि, र २) रणनीति तथा कार्यक्रम वा तिनका संशोधित मस्यौदा तयार भएपछि । यी मस्यौदालाई एडीबीको वेबसाइटमा राख्नु जरूरी छैन, तर छलफलका निम्ति बोलाइएकाहरूलाई भने छलफल हुनुअघि नै वितरण गर्नुपर्नेछ (सार्वजनिक सञ्चार नीतिको अनुच्छेद ६४ हेर्नुहोस्) ।

सबै रणनीति तथा कार्यक्रम र तिनका संशोधनहरू तयार भएपछि तिनलाई एडीबीको वेबसाइटमा राखिनेछ ।

## आयोजना वा कार्यक्रमको सूचना दिने कागजात

*एडीबीले* हाल राख्ने गरेको आयोजना विवरणजस्तै आयोजनासम्बन्धी सूचनाको कागजात वा 'पीआईडी' लाई पनि आफ्नो वेबसाइटमा राख्नेछ । 'पीआईडी' मा आयोजना वा कार्यक्रमको छोटो तथ्यगत सारांश पाइनेछ

*(सार्वजनिक सञ्चार नीतिको अनुच्छेद ६९(७२ हेर्नुहोस्)* ।

'पीआईडी' भनेको *एडीबीका* प्रत्येक आयोजनाबारे सार्वजनिकरुपमा उपलब्ध हुने सूचनाको मुख्य स्रोत हो र आयोजना अवधिभरि नै यसमा सूचना थप्ने र/वा अद्यावधिक गर्ने काम नियमितरुपमा भइरहनेछ । आयोजना कार्यान्वयन भइरहेको बेला एडीबीका कर्मचारीहरूले आयोजनाको प्रगति झल्किनेगरी त्रैमासिकरुपमा पीआईडीलाई अद्यावधिक गर्नेछन् ।

## सुरक्षाका कागजात

सार्वजनिक सञ्चार नीतिले वातावरणीय विश्लेषणलाई सार्वजनिक गर्ने सम्बन्धमा कुनै परिवर्तनको उल्लेख गरेको छैन (सार्वजनिक सञ्चार नीतिको अनुच्छेद ७७-७८ हेर्नुहोस्) ।

पुनर्स्थापन र आदिवासी जनताबारेको योजना कागजातसम्बन्धी शर्तहरूमा भने केही परिवर्तन गरिएका छन्, जसअनुसार मस्यौदा योजना वा ढाँचालाई आयोजनाको मूल्यांकन हुनुअघि नै एडीबीको वेबसाइटमा राखिनेछ ।

## प्राविधिक सहयोगबाट तयार पारिने अन्तिम प्रतिवेदन

सम्भाव्यता अध्ययन, विस्तृत आयोजना ढाँचा, क्षेत्रगत समीक्षा तथा परामर्शदाताहरूको प्रतिवेदनहरू पूरा भएपछि प्राविधिक सहायताबाट तयार पारिएका तिनको अन्तिम संस्करणलाई एडीबीको वेबसाइटमा राखिनेछ । यदि कुनै सूचना गोपनीयताको मापदण्डभित्र परेको खण्डमा त्यसलाई प्रतिवेदनबाट हटाउन सकिनेछ वा पूरै प्रतिवेदनलाई रोकेर राख्न सकिनेछ ।

## सामाजिक तथा वातावरणीय अनुगमन प्रतिवेदन

ऋण सम्झौताका लागि आयोजना अवधिमा केही निश्चित सामाजिक वा वातावरणीय प्रतिवेदन तयार पार्न आवश्यक हुनसक्छ । त्यस्ता प्रतिवेदनहरू एडीबीमा पेस भइसकेपछि तिनलाई एडीबीको वेबसाइटमा राखिनेछ ।

# सहकार्य

सूचनाको वृहत्तर खुलासा तथा सूचनाको आदानप्रदान गर्नेतर्फको कदम भनेको संयुक्त प्रयास हो । साझेदारको हैसियतले सार्वजनिकीकरणको पक्षमा बलियो तथा विवेकपूर्ण निर्णय लिन र सरोकारवालाहरूसँग सहकार्यको सुहाउँदिलो बाटो पहिल्याउने काममा तपाईले एडीबीका कर्मचारीहरूको सहयोग पाउनुहुनेछ ।

सहयोगका लागि धन्यवाद ।